नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, सउलद्वारा २५७०औं बुद्ध जयन्तीका अवसरमा आज राजदूतावास परिसरमा एक विशेष कार्यक्रमको आयोजना गरियो। कार्यक्रम नेपाली बौद्ध गुरुहरूद्वारा प्रार्थनासहित सुरु गरिएको थियो।

उक्त अवसरमा उपस्थित महानुभावहरूलाई स्वागत गर्दै दक्षिण कोरियाका लागि नेपाली राजदूत महामहिम डा. शिवमाया तुम्बाहाङ्फेले शान्तिका दूत तथा बौद्ध धर्मका संस्थापक भगवान् गौतम बुद्धको जन्म, उहाँको जीवन, आध्यात्मिक मुक्तिको खोजीमा उहाँले गर्नुभएको महान त्याग तथा उहाँद्वारा प्रतिपादित चार आर्यसत्य र अष्टाङ्गिक मार्गको महत्त्वबारे प्रकाश पार्नुभयो। उहाँले अष्टाङ्गिक मार्गको अभ्यासमार्फत दुःखबाट मुक्ति र निर्वाण प्राप्ति सम्भव रहेको उल्लेख गर्नुभयो।

महामहिम राजदूत डा. तुम्बाहाङ्फेले वर्तमान विश्व परिवेशमा बढ्दो अशान्ति, स्वार्थप्रेरित द्वन्द्व तथा असमानताका चुनौतीहरूलाई मध्यनजर गर्दै शान्ति, करुणा, नैतिक आचरण, सहिष्णुता तथा पारस्परिक समझदारीको संस्कृतिको प्रवर्द्धन अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो। साथै, भगवान् बुद्धका शिक्षाहरूको व्यवहारिक अवलम्बन नै यी चुनौतीहरूको समाधानका लागि सबैभन्दा उपयुक्त मार्ग रहेको कुरामा उहाँले जोड दिनुभयो।

कार्यक्रममा न्युङ्गिन स्योनवन मन्दिरका प्रमुख बौद्ध गुरु भेनरेबल जिग्वाङ्गले भगवान बुद्धको जीवन, उहाँको तपस्या, त्याग तथा बौद्ध दर्शनसम्बन्धी मूल सिद्धान्तहरूबारे प्रवचन दिनुभयो। त्यसैगरी, दक्षिण कोरियास्थित नेपाल बौद्ध परिवारका बौद्ध गुरु श्री साङ्गे फुन्छोक शेर्पाले सहभागीहरूलाई भगवान् बुद्धको पूजा कार्यक्रममा सहभागी गराउनुभयो।

कार्यक्रमका क्रममा दक्षिण कोरियामा रहनुभएका नेपाली कलाकारहरूद्वारा नेपालको समृद्ध कला र संस्कृतिको झल्को दिने सांस्कृतिक नृत्यहरू प्रस्तुत गरिएको थियो।

कार्यक्रममा दक्षिण कोरियाली तथा नेपाली बौद्ध गुरुहरू, कोरियाली बौद्ध धर्मावलम्बीहरू, गैरआवासीय नेपाली सङ्घ,दक्षिण कोरिया, विभिन्न नेपाली समुदाय तथा सङ्घसंस्थाका प्रतिनिधिहरू, प्राज्ञिक व्यक्तित्वहरू, साथै दक्षिण कोरियामा विभिन्न पेशा, व्यवसाय र रोजगारीमा संलग्न नेपाली नागरिक तथा विद्यार्थीहरू गरी करिब २०० जनाको उपस्थिति रहेको थियो।

नेपाली राजदूतावास
सउल
मितिः २०८३ बैशाख १८, शुक्रबार

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : conseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]